नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
**ई.पि.एस.कोरिया शाखा**
ग्वार्को, ललितपुर ।

## कृषि तथा पशुपालन क्षेत्रको कोरियन भाषा परीक्षा EPS-TOPIK (UBT-2023) को परीक्षा केन्द्र सम्बन्धी अत्यन्त जरुरी सूचना !

**प्रकाशित मितिः २०७९।१०।०६**

रोजगार अनुमति प्रणाली (EPS) अन्तर्गत गणतन्त्र कोरिया जाने नेपाली कामदारहरुको मिति २०७९।१०।१८ (तदानुसार February 01, 2023) गते देखि संचालन हुने कृषि तथा पशुपालन क्षेत्रको कोरियन भाषा EPS-TOPIK (UBT-2023) परीक्षाको लागि परीक्षा मिति, समय र केन्द्र देहाय बमोजिम कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गरिन्छ ।

- **परीक्षा शुरु हुने मितिः-** मिति २०७९।१०।१८ (तदानुसार February 01, 2023) गते देखि,
- **परीक्षा केन्द्रः-** ललितपुर जिल्लाको भैसेंपाटी स्थित CBT भवन,
- **वायोमेट्रिक रजिष्टर हुने स्थान र समयः-** ई.पी.एस. कोरिया शाखा, ग्वार्को नजिकै रहेको म्युजिक सिटि हल, परीक्षा हुने दिन भन्दा अघिल्लो दिन परीक्षा हुने सिफ्ट (Session) अनुसारकै समयमा,

| परीक्षा | परीक्षार्थीहरुको वायोमेट्रिक भेरिफाई र अभिमूखीकरणको समय | परीक्षा शुरु हुने |
|---|---|---|
| पहिलो सिफ्ट | **बिहान ०७:३०** बजे देखि | ०९:३० बजे |
| दोश्रो सिफ्ट | **दिउसो ०९:००** बजे देखि | ११:०० बजे |
| तेश्रो सिफ्ट | **दिउसो ११:००** बजे देखि | १३:३० बजे |
| चौथो सिफ्ट | **दिउसो १३:००** बजे देखि | १५:०० बजे |

### आवेदकहरुले परीक्षा सम्बन्धमा ध्यान दिनुपर्ने कुराहरु:

- प्रत्येक आवेदकहरु परीक्षाको निर्धारित समय भन्दा अगावै परीक्षा हलभित्रको आ-आफ्नो स्थानमा बसी सक्नुपर्नेछ ।
- आवेदकहरुले आफ्नो परीक्षा केन्द्र, परीक्षाको मिति र समय सम्बन्धमा स्पष्ट हुनुपर्नेछ र कुनै पनि वहानामा तोकिएको परीक्षा केन्द्र, मिति र समय भन्दा बाहेक परीक्षामा समावेश गराइने छैन ।
- आवेदकहरुले परीक्षाको दिन भन्दा एक दिन अगावै आफ्नो परीक्षा दिने सिफ्ट (Session) अनुसार कै समयमा यस ई.पी.एस. कोरिया शाखा, ग्वार्को नजिकै रहेको म्युजिक सिटि हलमा आई आफ्नो वायोमेट्रिक (Finger Print) रजिष्टर गराउनु पर्नेछ । साथै परीक्षा हुने मितिमा हलमा प्रवेश गर्नुपुर्व परीक्षा केन्द्रको तोकिएको स्थानमा वायोमेट्रिक (Finger Print) भेरिफाई गरी यकिन भए पछि मात्र परीक्षा हलमा प्रवेश गराईनेछ ।
- वायोमेट्रिक (Finger Print) रजिष्ट्रर र परीक्षाको समयमा प्रोक्टर तथा HRD-Korea का कर्मचारीहरुले समेत प्रत्येक आवेदकहरुको परिचय रुजु गर्ने हुँदा आवेदकहरुले आवेदन दर्ता गर्दा पेश गरेको **राहदानीको सक्कल (पुरानो भए सो समेत) र प्रवेशपत्रको रंगीन प्रिन्ट** लिई आउनु पर्नेछ । उल्लेखित कागजात विना परीक्षामा समावेश गराइने छैन ।
- परीक्षाको अवधिभर आवेदकहरुलाई शौचालय जान तथा परीक्षा सिध्याएता पनि परीक्षा हल छाड्न अनुमति दिइने छैन ।
- परीक्षा केन्द्र प्रवेश गरी सकेपछी भाषा परीक्षा (UBT) सम्पन्न नभएसम्म कुनै पनि बहानामा परीक्षा केन्द्रबाट बाहिर जान पाईने छैन ।
- परीक्षामा सहभागी हुन आउँदा आवेदकहरुलाई परीक्षा कोठामा मोवाइल फोन, स्मार्ट वाच, क्यासेट प्लेयर, PDA, MP3 तथा अन्य विद्युतिय उपकरणहरु वा पुस्तक, चिट आदि ल्याउन सख्त मनाही छ । कोही कसैले यस्ता उपकरणहरु लिई आएमा परीक्षामा अनुचित कार्य गरेको ठहरिनेछ । साथै, ति उपकरणहरु परीक्षा केन्द्रमा राख्ने व्यवस्था नभएकोले सो हराएमा वा चोरी भएमा स्वयं जिम्मेवार हुनेछ । तसर्थ यस्ता उपकरणहरु परीक्षा केन्द्रमा नलिई आउन हुन अनुरोध छ ।
- परीक्षामा अनुचित कार्य गर्ने आवेदकलाई उक्त परीक्षाबाट निष्काशन गरी कानुन बमोजिम कडा कारवाही गरिनुका साथै आउने चार वर्षसम्म EPS-TOPIK परीक्षामा सहभागी हुनबाट वञ्चित गरिनेछ । अनियमितता गर्न सघाउने व्यक्ति ई.पी.एस. कामदार भए अभिलेख राखी भिषा रद्द गरिनेछ । साथै, यस्तो

कार्यमा सघाउने जो सुकै व्यक्तिलाई तत्काल पकाउ गरी कानुन बमोजिम कडा कारवाही गरिने छ । अनियमित कार्य गर्न खोज्ने व्यक्तिका सम्बन्धमा सूचना दिने व्यक्तिलाई पुरस्कृत गर्न सकिने छ र सुचकको परिचय गोप्य राखिने छ । साथै, नेपाल प्रहरी मार्फत आवश्यक निगरानीको व्यवस्था समेत गरिएको छ ।

- परीक्षा सुरु हुन भन्दा एक घण्टा अगावै परीक्षार्थीहरु लाई परीक्षा हल भित्र अभिमूखिकरण दिईने छ ।
- प्रत्येक आवेदकले कोभिड रोकथामका लागि अपनाउनुपर्ने उपायहरु अबलम्बन गर्नु पर्नेछ ।
- परीक्षा शुरु हुने समय भन्दा एक घण्टा अगावै परीक्षा हल भित्रको तोकिएको स्थानमा बसी नसकेको कारण विगत वर्षहरुमा ठूलो संख्यामा परीक्षार्थीहरु परीक्षा दिनबाट बञ्चित भएको हुँदा यस सम्बन्धमा विशेष चनाखो रहन परीक्षार्थीहरुलाइ पुनः सूचित गरिन्छ ।
- **यस पूर्वको सूचनामा पहिलो र दोश्रो चरणबाट उत्तिर्ण हुने अनुमानित संख्या ६००० भएकोमा हाल HRD Service of Korea बाट प्राप्त जानकारी अनुसार उक्त संख्यामा संशोधन भई पहिलो र दोश्रो चरणबाट जम्मा १०७५८ जना उत्तिर्ण हुने, जसमध्ये पहिलो चरणको परीक्षाबाट ३००१ जना र दोश्रो चरणको परीक्षाबाट ७७५७ जना परीक्षार्थी उत्तिर्ण हुने व्यहोरा जानकारी गराईन्छ ।**

**"कोरियन भाषा परीक्षा उत्तीर्ण गर्नु कोरियामा रोजगार आवेदन दिन योग्य हुनु हो**
**तर**
**कोरियामा रोजगारी पाइने सुनिश्चितता भने होइन ।"**

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
ई.पि.एस. शाखा